# बडीकेदार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खड्यौली, डोटी
७ नं प्रदेश, नेपाल

पत्र संख्याः०७५/०७६
च.नं.-


### करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७५/०७/१६)

बडीकेदार गाउँपालिकाको लागी पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा मा रहने गरी सिभिल इन्जिनियर र असिसटेण्ट सब इन्जिनियर सिभिल को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राष्ट्रिय बाणिज्य बैङ्क, सिलगढी, डोटीमा रहेको यस कार्यालयको संचित कोष खाता नंम्बर ४१००३०४०१८१०८ मा इन्जिनियर पदको लागि रु १०००।— र असिसटेण्ट सब इन्जिनियर पदको लागि रु. ७००।- को राजस्व जम्मा गरेको बैङ्क भौचर सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.badikedarmun.gov.np बाट उपलब्ध हुनेछ ।

| बिज्ञापन नंम्वर | पद नाम | जम्मा माग पद सख्या | खुला | महिला |
|---|---|---|---|---|
| ०४/०७५/०७६ | इन्जिनियर (सिभिल) | १ | १ | |
| ०५/०७५/०७६ | असिसटेण्ट सव इन्जिनियर (सिभिल) | ३ | २ | १ |

**शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिक ।

२. **न्यूनतम योग्यताः** सिभिल इन्जिनियर पदको लागि नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट Civil Engineering मा स्नातक (B.E) र असिसटेण्ट सव इन्जिनियर सिभिल पदको लागि नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण ।

३. **अनुभवः** इन्जिनियरको हकमा B.E उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा १ वर्षको कार्य अनुभव भएको र असिसटेण्ट सव इन्जिनियर सिभिल पदको लागि नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट असिसटेण्ट सिभिल इन्जिनियरिङ विषय वा सो सरह उत्तिर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा ६ महिनाको कार्य अनुभव भएको।

४. सिभिल इन्जिनियर पदको लागि २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र असिसटेण्ट सब इन्जिनियर सिभिल पदको लागि १८ बर्ष पुरा भइ ३५ बर्ष ननाघेको।तर महिलाको हकमा ४० बर्ष ननाघेको ।

५. सिभिल इन्जिनियरको हकमा नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणपत्र । असिसटेण्ट सब इन्जिनियरको हकमा प्रचलित कानुन बमोजिम सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

७. यस सुचनामा नपरेका विषय यस गाउँपालिकाको "प्राविधिक कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५" बमोजिम हुनेछ ।

**दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।